महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७५

कुम्मायक गाउँपालिका
पाँचथर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६

च.नं. १४

मितिः २०७५/१२/२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
कुम्मायक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाँचथर ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

कुम्मायक गाउँपालिका
दर्ता नं. १६२६
मिति: २०६३।१।१३

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७५।०७६
च.नं.: ६२८

मिति:२०७५।१२।१५

श्री प्रमूखज्यू
कुम्मायक गाउँपालिका,
पाँचथर ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट कुम्मायक गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी- आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी- प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार- कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु २ करोड १८ लाख ३१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु १ करोड ३७ लाख ८० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७८ लाख ९७ हजार रहेको छ ।
२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५/११/३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्योट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १४ (चौध) यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय- कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

२०७५।१२।१५

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

Scanned with CamScanner

कुम्मायक गाउँपालिका, पाँचथर
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नुगाँउपालिकाको उद्देश्य रहेको छ । प्रदेश न. १ मा रहेको यस गाँउपालिका अर्न्तगत ५वडा २८ जना गाँउसभा सदस्य,१२९.३वर्ग किलोमिटर क्षेत्रफल तथा १६हजार ११८ जनसंख्या रहेको छ ।

स्थानीय संचितकोष: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम कुम्मायक गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालन भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

सि.नं.	आय		व्ययतर्फ		
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी	४९६४५१२.४३	१	चालु खर्च	२२०६०८१६.८४
	ख) बैंक		२	पूँजीगत खर्च	९८३५७१४४.४८
२	राजस्व (आन्तरिक आय)			सशर्त तर्फ	८२२१८०००.००
	क) आन्तरिक राजस्व	१६९६२१७.१	३	वित्तीय व्यवस्था भुक्तानी	
	ख) राजस्व बाँडफाँड			क) सावा/ऋण /व्याज भुक्तानी	०
	ग) अन्य आय		४	लगानी	
३	वित्तीय हस्तान्तरण	२१९६०१०००.००		ऋण / शेयर /अन्य लगानी	
	क)वित्तीय समानीकरण अनुदान		५	धरौटी फिर्ता	१२२०००.००
	ख) सशर्त अनुदान		६	सामाजिक सुरक्षा खर्च	२५३९८२००.००
	ग) समपूरक अनुदान			सामाजिक सुरक्षा फिर्ता	१५०१४००.००
	घ) विशेष अनुदान		७	विषयगत निकायबाट प्राप्त रकम	११४४००.००
४	प्रदेश सरकारबाट प्राप्त अनुदान	१४०००००	८	महिला सशक्तिकरण	२०००००.००
	विषयगत निकायबाट प्राप्त रकम	१२६४००.००	९	बहुक्षेत्रीय पोषण	११०००००.००
	महिला सशक्तिकरण	२०००००.००	१०	एलजिसिडीपी (चालु तथा पूँजीगत	१११६०००.००
	बहुक्षेत्रीय पोषण	११०००००.००	११	कोष खर्च	३९०४६२.००
	एलजिसिडीपी (चालु तथा पूँजीगत	१११६०००.००	१२	प्रदेश अनुदान/सर्शत	१४०००००.००
	सामाजिक सुरक्षा	२७२५९०००.००	१३	मौज्दात	२३८७११९१.२१
	धरौटी आय	३८६४८५.००			
	जम्मा	२५७८४९६१४.५३		जम्मा	२५७८४९६१४.५३

Scanned with CamScanner

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु.
	उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, गाँउपालिकाले पेश कागजात, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्य क्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, कारोबारको जटिलता, सम्पूर्ण आर्थिक कारोबारको कानूनी बैधता परीक्षणमा कठिनाई जस्ता सिमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार अन्तर्गत तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित लेखापरीक्षणका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।	
१	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको प्रक्षेपण २०७४ असोज ५ मा सभावाट स्वीकृत भएको छ । ऐनको उल्लिखित व्यवस्था अनुसार गाँउ प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिएको पाइयो तर प्रमुख प्रशासकीय अधिकृतले वडा सचिवहरुलाई अख्तियारी दिएको छैन । प्रचलित कानून बमोजिम समयमै अख्तियारी प्रदान गरी सो अनुरुपको कार्यक्रम तयार गरी खर्च गर्नुपर्दछ ।	
२	**वजेट पेश गर्ने तथा पारित गर्ने:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:	
२.१	आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ मसान्त भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकामा गाँउसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानीत विवरण २०७४ आषाढ १० भित्र सम्पन्न गाँउी २०७४ असोज ५ गते मात्र स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था तर्फ ध्यानाकर्षण गरिएको छ ।	
	यस वर्ष गाँउसभाले प्रस्तावित गरेको वजेट स्थिति :	

क.सं.	शिर्षक	रकम
१	संघीय सरकार वित्तिय समानीकरण अनुदान	१३७३१३०००.००
२	संघीय सरकारवाट प्राप्त हुने सशर्त अनुदान	८२२८८०००.००
३	गाँउपालकिाको आन्तरिक आम्दानी । अन्तर स्थानिय	१२९०५००.००
४	सामाजिक सुरक्षा अर्न्तगत प्राप्त आम्दानी	२७२५९०००.००
५	राजस्व वाँडफाँडवाट प्राप्त हुने आय	००
	कुल आय	२४,८१,५०,५००.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु.
२.२	गाउँपालिकाले यस वर्ष निम्नानुसारका २ वटा कोषहरुको स्थापना गरेको छ । जसको आम्दानी खर्च र बाँकीको विवरण निम्नानुसार रहेको छ । स्थापना गरेका कोषहरुमा सञ्चित कोषबाट रकम विनियोजन गरेको छ । तर उक्त कोषहरुको सञ्चालनको लागि छुट्टै खाता खोलेको छ । कोष स्थापना गर्नको लागि कोष सञ्चालन कार्यविधि तयार गरेको छ । तयार गरेको कार्यविधिको परिधीभित्र रही खर्च गर्नुपर्दछ ।	

क.सं.	विवरण	जिम्मेवारी	आम्दानी	जम्मा	फिर्ता । खर्च	बाँकी
१	कर्मचारी कल्याण कोष	००	८८७४८.००	८८७४८.००	००	८८७४८.००

Scanned with CamScanner

दफा नं.	लेखापरीक्षणवाट देखिएका व्यहोरा						रकम रु.
	२	विपद् व्यवस्थापन कोष	००	३००००० ,००	३०००००.००	३९०४६२.००	२६०९५३८.००
		जम्मा	००	३८८७४८.०	३८८७४८.०	३९०४६२.०	२६९८२८६.०

३ **श्रोत अनुमान तथा वजेट सिमा** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेको देखिन्छ । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन कार्यक्रमलाई छनौटमा राखिनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

४ **आन्तरिक आम्दानी** : पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर, सहभागिता, अन्य आय वापत अनुमानित रु. १२ लाख ९० हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७४।७५ मा रु.१६९६२१७।१० आय प्राप्त गरेको छ। प्रक्षेपित आय भन्दा बढी आन्तरिक आय भएको देखिन्छ ।

४.१ वडागत आन्तरिक आम्दानीको विवरण निम्नानुसार रहेको छ । वडा कार्यालयहरुले शिर्षकगत आम्दानीको अभिलेख विवरण राखेको छैन । त्यसैगरी गाउँपालिकाले पनि सम्पूर्ण वडाहरुको विवरण लिई आन्तरिक आम्दानीको एकीकृत विवरण तयार गरेको छैन । अतः सम्पूर्ण कारोबारको विवरण खुल्ने गरी एकीकृत विवरण तयार गर्नुपर्दछ ।

वडा नं.	आम्दानी
१	४३८०२८.००
२	३२६३६१.००
३	१६४०७५.१२
४	११८४८४.६९
५	२६९०७३.३८
गाउँ कार्यपालिका	३८०१९४.९१
जम्मा	**१६,९६,२१७.१०**

४.२ गाउँपालिकाले आन्तरिक आम्दानी बढाउनको लागि पार्क, खेलमैदान, कर्भडहल, भ्यू टावर, मनोरन्जन स्थल, साहसिक पर्यटकीय स्थलहरुको पहिचान एवम् निर्माण जस्ता क्षेत्रहरुको पहिचान गर्नुपर्दछ । आन्तरिक आय नै स्थानीय तहको स्थायित्वको आधार स्तम्भ भएको हुँदा नयाँ स्रोतहरुको खोजी गर्दै स्थानीय जनतालाई बोझ नहुने गरी आन्तरिक आयको आंकलन र संकलन गर्नुपर्दछ । त्यसतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ ।

४.३ आन्तरिक आम्दानीको लागि वडा सचिवहरुलाई रसिद दिई सो को आधारमा आम्दानी बाँध्ने गरेको पाइयो । गाउँपालिकाले रसिद नियन्त्रण खाता राखी वर्षको शुरुमा रसिद उपलब्ध गराएको भएतापनि वर्षान्तमा बाँकी रहेका रसिदहरु गाउँपालिकामा फिर्ता गरेको वा रद्द गरेको पाइएन । वर्षान्तमा रसिद फिर्ता वा रद्द नगर्दा सोको दुरुपयोग हुन सक्ने तर्फ गाउँपालिका सर्तक रहनुपर्दछ भने रसिदलाई नियन्त्रणलाई व्यवस्थित गर्नुपर्दछ ।

गाँउपालिकाले राजस्व वाँडफाँड[redacted] तर्फ यस वर्ष अनुमान गरेको पाइएन । साथै यस वर्ष राजस्व

Scanned with CamScanner

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु.
	बाँडफाँड वापत यस वर्ष कुनै पनि आम्दानी भएको छैन ।	
५	**आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । नियन्त्रण प्रणालीको अभावमा आर्थिक कारोबार सम्पादन र वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउने कार्यमा बाधा पर्ने देखिन्छ ।कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगबाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । गाँउपालिकाको आन्तरिक नियन्त्रण प्रणाली परीक्षण गर्दा निम्नानुसार देखिएको छ:	
	• समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको भएपनि सो विवरण पूर्ण रहेको छैन । • मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिन्छ । • कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको छ । • गाँउपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेखेको छ । • मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन । • सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेको छैन । • चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरेको छैन । • सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन । • आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाउने गरेको पाइएन । • भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता राखेको पाइएन । साथै भ्रमणमा जानेबाट भ्रमण प्रतिवेदन लिने गरेको समेत देखिएन । • समयमै पेश्की फछ्र्यौट हुने गरेको पाइएन । • सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई मुअकर भुक्तानीको जानकारी दिने गरेको छैन । • गाँउपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन ।	
६	**आन्तरिक ऋण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाँउपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । गाउँपालिका कुनै पनि ऋण नलिएको जनाएको छ ।	
७	**स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका	

Scanned with CamScanner

दफा नं.	लेखापरीक्षणवाट देखिएका व्यहोरा	रकम रु.

हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि बढाउन आवश्यक छ । तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा अभिलेख व्यवस्थापन गर्न जरुरी छ । गाउँपालिकाले जनहित केन्द्र पाँचथरको सहकार्यमा कुम्मायक गाउँपालिकाको वस्तुगत विवरण (प्रोफाइल) २०७५ तयार गरेको छ । यो प्रोफाइलको लागि गाउँपालिकाका रु.. खर्च भएको छ । विश्वसनीय र तथ्यमा आधारित सूचना र तथ्यांकले गाउँपालिकाको विकासको निम्ति उपयुक्त र प्रभावकारी योजना तथा कार्यक्रम तयार गर्न सहयोग पुग्ने हुँदा सोको उपयोग गर्नुपर्दछ ।

८ **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । गाँउसभाबाट स्वीकृत बार्षिक गाँउ विकास योजना २०७४।७५ को अध्ययन गर्दा गाँउपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । दिगो रुपमा विकास हुने गरी योजनाहरुको प्राथमिकीकरण गरेर मात्र आवश्यक योजनामा खर्च गर्नुपर्दछ ।

गाउँपालिकामा सञ्चालन भएका योजनाहरुको संख्या र योजनाको रकम यसप्रकार छः

वडा नं.	योजना संख्या	योजनाको रकम (रु.हजारमा)
१	३२	६५००
२	४४	६५००
३	२८	५८००
४	२४	५३००
५	१८	६०००
गापा	११३	८६१४२
जम्मा	२५९	११६२४२

८.१ योजना वाँडफाँड गर्दा ठुला योजनालाई प्राथमिकीकरण गरेको देखिएन । वडास्तरीय कूल योजना १४६ र गाउँस्तरीय योजना ११३ रहेका छन । ५ वडामा २५९ योजना वनाई रकमको वर्गीकरण तथा वितरण र सोको कार्य सम्पादन गर्न कठिनाई हुन जाने देखिँदा ठुला पूर्वाधार जन्य योजना छनौट गरिनु आवश्यक देखिन्छ ।

९ **एकीकृत आय व्यय विवरण:** गाउँपालिकाको एकीकृत विवरण अनुसार यस वर्ष रु. आय तथा व्यय भएको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्:

९.१ **जिम्मेवारी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ बमोजिम आय व्यय ठिकसँग भएको र लेखांकन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गाँउपालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा गाँउपालिकाको बैंक मौज्दात रु.५५३११२१।८९उल्लेख गरेकोमा यस वर्ष गाँउपालिकाले तयार गरेको आय विवरणमा रु.४९६४५१२।४३ जिम्मेवारी सारी रु. ५६६६०९।४६घटी जिम्मेवारी सारेको छ । घटी रकम जिम्मेवारी सार्नुको कारण गाउँपालिकाले उल्लेख गरेको छैन । अतः यस सम्वन्धमा चेकजाँच गरी हिसाव प्रष्ट गर्नुपर्दछ ।

९.२ **बैंक हिसाब:** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्षको अन्तिम मौज्दात रु.२३८७११९१।२१ कायम गरेको छ ।

९.३ गाउँपालिकाले वर्षान्तमा चालु र पूँजीगत खर्च खातामा बाँकी रहेको रकम सञ्चित कोषमा फिर्ता गरी उक्त खाताहरुको मौज्दात शून्य बनाउनु पर्नेमा यस गाउँपालिकाको चालु खातामा वर्षान्तमा रु.६६७२१०८।४९ र पूँजीगत खातामा रु. ६६०८५३०।५२ मौज्दात रहेको पाइएकोले उक्त रकम गाउँपालिकाको सञ्चित कोष खातामा फिर्ता गर्नुपर्ने रु.... १,२९,२१,२३९/-

Scanned with CamScanner

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td>१०</td><td>सर्शत अनुदानतर्फ: गाउँपालिकाको लागि यस आर्थिक वर्षमा शिक्षातर्फ सर्शत अनुदान रकम रु.६७८५६०००।- प्राप्त भएकोमा रु.७३६१२९०२।१५खर्च भई रु.५७५६९०२।१५ नपुग भएको देखिन्छ । विद्यालयका शिक्षकहरुको तलवभत्ता रकम नपुग भएकोमा गाउँपालिकाले समानीकरण तर्फबाट रकम खर्च गरेकोमा उक्त रकम हालसम्म पनि सोधभर्ना प्राप्त भएको पाइएन । गाउँपालिकाले सो सम्बन्धमा सम्वन्धित निकायमा पत्राचार गरेको भएतापनि हालसम्म रकम प्राप्त भएको छैन । अत: उक्त रकम सोधभर्ना लिई गाउँपालिकाको रकम फरफारक गर्नुपर्ने रु.</td><td>५७,५६,९०२।१</td></tr>
<tr><td>११</td><td>कर्मचारी व्यवस्था :निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाबाट प्राप्त विवरण अनुसार कर्मचारी दरवन्दी र पदपूर्ति विवरण अनुसार अधिकांश पदहरु रिक्त रहेका छन् ।रिक्त केही पदमा निम्नानुसार आन्तरिक पूर्ति भएको छ पाइयो:
<table>
<tr><th>क्र.सं.</th><th>पद</th><th>संख्या</th></tr>
<tr><td>१.</td><td>आई टि अधिकृत</td><td>१</td></tr>
<tr><td>२.</td><td>इन्जिनियर</td><td>१</td></tr>
<tr><td>४.</td><td>सवइन्जिनियर</td><td>१</td></tr>
<tr><td>६.</td><td>कम्प्यूटर अपरेटर</td><td>१</td></tr>
<tr><td>८.</td><td>अ.सव इन्जिनियर</td><td>१</td></tr>
<tr><td>१७.</td><td>कार्यलय सहयोगी</td><td>६</td></tr>
<tr><td>१८.</td><td>स्वकिय सचिव</td><td>१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२</td></tr>
</table></td><td></td></tr>
<tr><td>११.१</td><td>कार्यालयले आन्तरिकबाट १२ विभिन्न पदमा पदपूर्ति गरेको छ । जसले गर्दा चालु खर्चमा बढोत्तरी हुन्छ । तसर्थ आवश्यक संख्यामा औचित्य खुलाएर मात्र आन्तरिक पदपूर्ति गर्नुपर्दछ । यसैगरी नागरिकहरुसँग प्रत्यक्ष रुपमा दैनिक सेवा प्रदान गर्ने गाँउपालिकामा स्थायी कर्मचारी अभाव हुँदा सेवा प्रवाहमा नकारात्मक असर पर्ने हुँदा तत्काल पदपूर्ति गर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२</td><td>एकीकृत विवरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ ।गाँउपालिकाले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छ । थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td>आन्तरिक लेखापरीक्षण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यबस्था रहेकोमा गाँउपालिकाले २०७४।७५ को आय व्यय कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन २०७५।५।५ मा पेश भएको छ ।</td><td></td></tr>
<tr><td>१४</td><td>विद्युतीय लेखा :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सबै गाँउपालिकाहरुले Sub-National Treasury Regulatory Application (SuTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था भएतापनि गाँउपालिकाले उक्त प्रणालीमा लेखा स्रेस्ता अद्यावधिक गरी राखेको छैन ।त्यसैले तोकिए बमोजिमको विद्युतीय प्रणालीमा लेखा स्रेस्ता राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td>नक्सा पास : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाँपालिका वा गाँउपालिकाबाट नक्सा पास गाँउाई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यस वर्ष गाँउपालिकामा नक्सा पास सम्बन्धी काम-कारबाही भएको छैन । त्यसैले तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व गाँउपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td>भ्रमण किफायती नभएको : भ्रमण खर्च नियमावली, २०६४ को नियम (१) अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म भ्रमणलाई किफायती र कम खर्चिलो बनाउनु पर्ने उल्लेख</td><td></td></tr>
</table>

Scanned with CamScanner

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु.
	छ । तर कार्यालयकले नियम १९ अनुसार दूरी प्रमाणित बेगर गाँउपालिका भित्र समेत कर्मचारी विभिन्न नाममा काजमा खटाउने गरेको र भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीलाई वास्तविक काम र सोमा लाग्ने समयको आंकलन गाँडी काज स्वीकृत गरी सो अनुसार दैनिक भ्रमण भत्ता भुक्तानी गर्ने गरेको छ । जसबाट गाँउपालिकालाई अनावश्यक व्ययभार पर्ने तथा आर्थिक अनुशासनको पक्ष समेत कमजोर हुँदै जाने तर्फ जिम्मेवार पदाधिकारीहरुले तत्काल ध्यान दिई यस्तो प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।	
१७	**सामाजिक सुरक्षा वितरण:** सामाजिक सुरक्षा अनुदान बितरणमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:	
१७.१	सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको एकीकृत अभिलेख गाउँपालिकामा राखी समय समयमा उक्त अभिलेख अद्यावधिक गर्नुपर्नेमा गाउँपालिका एकीकृत अभिलेख रहेको पाइएन । वडागत रुपमा लगत राखी सोही अनुसार वितरण गर्ने गरेको पाइयो । सामाजिक सुरक्षा भत्ता वितरणलाई व्यवस्थित तथा पारदर्शी वनाउन लगत अद्यावधिक तथा एकीकृत अभिलेख महत्वपूर्ण रहेको हुँदा यस तर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ ।	
१७.२	**सामाजिक सुरक्षा समन्वय समिति** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाँउपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाँउपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका गाँउपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नवीकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन ।	
१७.३	**बैक खाता** : सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था गरेको छ । यस गाउँपालिकाले वडा नं.१ को मात्र तेस्रो चौमासिक देखि बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । अन्य वडाहरुमा वडा सचिवलाई पेस्की दिई वडा सचिवमार्फत नगदै भत्ता वितरण गरेको अवस्था छ ।	
	शिक्षा तर्फ: शिक्षा तर्फको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:	
१८	**विद्यालयगत निकासा रजिष्ट्रर** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन् भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । गाँउपालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरीअभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता गरी राख्नु पर्दछ ।	
१९	यस गाँउपालिकाको क्षेत्रभित्र ३८ विद्यालयहरु रहेका रविद्यालय क्षेत्र पूर्वाधार विकास, आधारभूत तह शिक्षक तलब भत्ता र मा.वि. तह शिक्षक तलब भत्तामा रु.७ करोड ३६ लाख खर्च भएको आर्थिक विवरणले देखाएको छ । पालिकालेनयाँ नियुक्ति, सरुवा भइ आउने तथा रमाना हुने र अवकाश हुने शिक्षकहरुको व्यवस्थित अभिलेख राखेको नपाइएकोले तलब निकासाको यर्थार्थता एकिन गर्न सकिएन ।	

विद्यालय	संचालित कक्षा	शिक्षक संख्या	विद्यार्थी	शिक्षक विद्यार्थी अनुपात
पृथ्वी उ.मा.वि.	६-१२	२०	५६७	१/२८
खाल्डे मा.वि.	१-१०	८	२२२	१/२८
सिद्ध मा.वि.	१-१०	१२	२२०	१/२८
धाम सरस्वती आ.वि	१-८	६	१०२	१/१७

Scanned with CamScanner

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु.

गुह्येश्वरी आ.वि.	१-८	६	१०७	१/१७
हिमालय आ.वि.	१-५	२	२३	१/११
देउराली आ.वि.	१-५	२	१५	१/७
ज्योतीआ.वि.	१-३	२	११	१/२
रानी गाँउ आ.वि.	१-३	२	१८	१/९
फाक्वुवा आ.वि	१-५	३	३०	१/१०
पञ्चकन्या आ.वि.	१-५	३	३९	१३
सुम्निमा आ.वि.	१-३	१	११	१/११

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रका विद्यालयहरुको अनुगमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहने उल्लेख छ । स्थानीय तहबाट विद्यालयहरुको अनुगमन गरी प्रतिवेदन गरेको पाइएन । विद्यालयहरुको प्राप्त तथ्यांक अनुसार गाउँ पालिका क्षेत्रभित्र पर्ने ३८ विद्यालय मध्ये केही विद्यालयहरुको तथ्यांक देहाय अनुसार प्रस्तुत गरिएको छ । खर्च मितव्ययीताको लागि विद्यार्थी संख्या कम रहेका स्थानमा विद्यार्थीहरु एवं स्थानीयबासीलाई असुविधा नहुनेगरी विद्यालयहरु गाभ्ने र शिक्षक विद्यार्थी अनुपात नमिलेकोमा मिलान गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२० **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो ।

२१ **झोलुङ्गे पुल हेरालु तर्फः** जिल्ला प्राविधिक कार्यालय पाँचथरको च.नं.१०७७ मिति २०७५।३।१५ को पत्रमार्फत यस गाउँपालिकालाई झोलुङ्गे पुल हेरालुको लागि रु.१२ हजार प्राप्त भएकोमा यस आर्थिक बर्षमा उक्त रकम खर्च भएको पाइएन । यसर्थ समयमै वजेट निकासा गरी खर्च गर्नेतर्फ सम्वन्धित निकायहरुको ध्यान जानुपर्दछ ।

२२ **बहुक्षेत्रीय पोषण कार्यक्रमः** यस कार्यक्रमको लागि रु.११ लाख वजेट प्राप्त भएकोमा गाउँपालिकाबाट रु.११ लाख थप गरी रु.२२ लाखको विभिन्न १४ वटा कार्यक्रमहरु तयार गरी कार्य भएको पाइयो ।यस वर्ष यो कार्यक्रम गाउँपालिकाका वडा नं. ४ र ५ मा सञ्चालन गरेको पाइयो । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

- साना साना रकमका धेरै कार्यक्रमहरु तयार गरेको छ । जसले गर्दा तालिम कार्यक्रम प्रभावकारी नहुन सक्ने देखियो ।
- सुनौला १००० दिन भित्रका महिलाहरुको सूची तयार तथा सुक्ष्म पोषणयुक्त आहार परामर्श कार्यक्रममा २०० केजी नून बाँडी ३५ जनालाई वितरण गरेको छ । हालको समयमा आएर नून वितरण गरी कार्यक्रम सञ्चालन गर्नु औचित्य पूर्ण देखिएन ।
- सञ्चालन भएका तालिमहरुको कागजातसाथ तालिम सञ्चालनको समय सारिणी, प्रतिवेदन, कार्यपत्रहरु संलग्न गरेको पाइएन ।
- कार्यक्रमको समष्टिगत प्रगति प्रतिवेदन तयार गरेको पाइएन ।

चालुतर्फ

२३ **कर्मचारी सुविधा** : नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचलान खर्च पाउने व्यवस्था छ । गाउँपालिकाले यस वर्षको लागि कर्मचारी सुविधा वापत रु.४११०००।- वजेट विनियोजन गरेकोमा ४ जना वडा सचिवहरुलाई मासिक रु.१०००।- का दरले रु. ४८०००।- सञ्चार खर्च मात्र भुक्तानी गरेको पाइयो ।

Scanned with CamScanner

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु.
२४	**दरवन्दी वेगर पदपूर्ति:** गाउँपालिकाले आफ्नो स्वीकृत दरवन्दी अनुसार कर्मचारी नियूक्ति गर्ने र सो अनुसार तलव भत्ता तथा सुविधा खर्च लेख्नुपर्दछ । यस वर्ष गाउँपालिकाले आफ्नो स्वीकृत दरवन्दीमा नभएका कानूनी सल्लाहकार र सञ्चार सल्लाहकार नियूक्ति गरी रु.२,४०,०००।- भुक्तानी समेत दिएको पाइयो । गाउँपालिकाको मुद्दाको संख्या तथा सम्पादन भएका कानूनी क्रियाकलापलाई हेर्दा तथा सञ्चारको क्षेत्रमा भएका कामकारबाहीलाई हेर्दा उक्त पदहरुको अहिल्यै आवश्यकता भएको देखिदैन । अत: यसरी भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु..	२,४०,०००।-

क्र.सं	सल्लाहकार	पारिश्रमिक २०७४।७५ को एकमुष्ट
१.	कानूनी सल्लाहकार श्री खगेन्द्रपसाद वासकोटा	१,२०,०००।-
२.	संचार सल्लाहकार श्री तुलसीराम थापा	१,२०,०००।-
	जम्मा	२,४०,०००।-

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु.
२५	**नन फाइलर** : मुल्य अभिबिद्धी कर नियमावली २०५३ को नियम २६ (१) बमोजिम प्रत्येक महिनाको कर बिवरण सो अवधी समाप्त भएको मितिले पच्चीस दिन भित्र अनुसुची-१ बमोजिमको ढाँचामा कर अधिकृत समक्ष पेश गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसारका बिलबाट भुक्तानी लिई २०७५ आषाढबाट विवरण पेश गरेको नपाइएकोले मु.अ.कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु..	५७,५०५/-

क्र.सं.	गो.भौ.नं.	कम्पनी/फर्मको नाम	प्यान नं.	विजन नं.	मू.अ.कर
२	७५-७४/१२/१८	सुवास जनरल सप्लायर्स	६०२४३९८४८	२४/२०७४-१२-१५	५७५०५/-

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु.
२६	**उपभोक्ता समितिबाट निर्माण कार्य** : उपभोक्ता समितिबाट भएको निर्माण कार्यको परीक्षण गर्दा देखिएको व्यहोराहरु यस प्रकार छन् :	
२६.१	संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।	
२६.२	सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण वा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन प्रयोग गर्नुपर्ने भनि प्राविधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालिका अधिकांश मोटरबाटो निर्माण गर्ने काममा मेसिनको प्रयोग भएको छ । गर्न सकिने कार्यहरुमा जनशक्तिलाई समेत रोजगारी दिने गरी कार्य गर्नुपर्दछ ।	
२६.३	उपभोक्तासंगको खरिद सम्झौतामा सवै कामहरु इन्जिनियरिङ्ग नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा अधिकांश उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाईएन। साथै अधिकाश निर्माण कार्यहरुमा भएको प्रमाणित गर्ने तस्वीर र योजनाको जानकारी मूलक सूचना वोर्ड संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिता हुनुपर्दछ ।	
२६.४	सार्वजनिक खरिद नियमावली २०६४ को ९७ उपनियम (११) अनुसार उपभोक्ता समिति वा लाभग्राही समदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्नेछभन्ने व्यबस्था रहेको छ । गाँउपालिकाबाट संचालित योजनाहरुमा प्राविधिकहरुबाट नाँपजाच भएको अधिकांश निर्माण कार्यहरुको	

Scanned with CamScanner

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम रु.
	लागत अनुमानसँग समान हुने गरी कार्यसम्पन्न भएको देखाईएको छ ।	
२६.५	गाँउपालिकाले यस आर्थिक वर्षमा नयाँ ट्र्याक खोल्ने तथा मोटरबाटो स्तरोन्नती गर्ने, मर्मत गर्ने कार्य उपभोक्ता समितिबाट गराउँदा उपभोक्ता समितिले डोजर भाडा वापतको बिल पेश गर्दा फरक फरक दररेट पेश गरेको पाइयो। गाँउपालिकाले हालसम्म डोजर भाडादर तोकिदिएको छैन भने फरक फरक दर पेश भएकोमा सो को पुष्ट्याँइ समेत पेश गर्न सकेको छैन । गाँउपालिका भित्र हुने एकै प्रकृतिका कार्यका लागि एउटै दररेट कायम गरी कार्य लगाउनु पर्दछ ।	
२६.६	उपभोक्ता समितिद्वारा मोटरबाटो निर्माण, मर्मत सम्भार अन्तर्गत डोजरबाट माटो खन्ने कार्यको परिमाण गणनागरी उपभोक्तालाई भुक्तानी दिने बिलमा घनमिटरमा परिमाण उल्लेख गरेतापनि सो को भुक्तानी लिने प्रयोजनार्थ उपभोक्ता समितिले पेश गर्ने डोजर भाडा वापतको निर्माण व्यवसायीको बिलमा प्रतिघण्टाका दरले रकम उल्लेख गर्ने गरेको पाइएकोले भएको कार्य परिमाण र भुक्तानी भएको भाडादर बीच तादाम्यता रहेको पाइएन । यर्सथ बिल अनुसारको कार्य परिमाण खुल्ने गरी बिजक राख्नुपर्दछ ।	
२६.७	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ ।	
२६.८	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो ।	
२६.९	गाँउपालिकाले उपभोक्ता समिति मार्फत हुने काममा हुने जनसहभागितालाई गाँउसभाबाट निर्णय गरी एकरुपता हुने गरी दर कायम गर्नुपर्नेमा सो गरेको देखिएन । योजनाहरुमा २० प्रतिशत देखि जनसहभागिता नै नराखी लागत अनुमान तयार गरी भुक्तानी समेत गरेको पाइयो । यसर्थ जनसहभागितामा एकरुपता कायम गर्नुपर्दछ ।	
२७	**भवन निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, संचालन, मर्मत सम्भार गर्नकोलागि आफुहरु मध्येबाट गठन गरेको समिति सम्झनुपर्ने उल्लेख छ । यसरी प्रत्यक्ष लाभग्राही समुहबाट गुणस्तरीय काम हुने र उनीहरुको जनश्रमदानको योगदान हुने निर्माण कार्यमा मात्र उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सकिने उल्लेख छ । नमुना परीक्षण गरी हेर्दा पृथ्वी मा.वि.भवन निर्माण वापत रु. २० लाख र वडा नं.३ को स्वास्थ्य चौकी भवन निर्माण वापत रु. २० लाखको निर्माण कार्य उपभोक्ता मार्फत गरेको पाइयो । उच्च प्राविधिक ज्ञानको आवश्यकता हुने, सार्वजनिक सम्पत्तिको रुपमा उपयोग हुने यस्ता निर्माण कार्यहरु उपभोक्ता समितिबाट गराउनु नियमसम्मत देखिदैन ।	
२८	**ट्याक्टर खरिद गरी पानी आपूर्तिः** यस गाउँपालिकामा पानीको अभाव भएको तथ्यलाई मध्यनजर गर्दै यस वर्ष गाउँपालिकाले बोलपत्र आव्हान गरी रु.४८ लाख ६२ हजारमा एक पानी टंकी सहितको ट्याक्टर र रु. ४८ लाख ९० हजारमा एक ट्रेलर सहितको ट्याक्टर खरिद गरेको पाइयो ।हाल गाउँपालिकाले स्थानीय वासिन्दाहरुलाई प्रतिलिटर ६० पैसा लिई ट्याक्टर मार्फत पानी बोकेर वितरण गरेको छ । वडा नं. १, ३, ४ र ५ का स्थानीयहरु प्रत्यक्षरुपमा लाभान्वित भएको गाउँपालिकाले जनाएको छ । यसरी जनतालाई सर्वसुलभ रुपमा पानी आपूर्ति गराउनु सह्रानीय कार्य	

Scanned with CamScanner

क्र.सं.	लेखापरीक्षणवाट देखिएका व्यहोरा	रकम रु.
	हो । यद्यपी सेवा सन्चालन गर्दा सेवामा लाग्न खर्च, मितव्ययीता र दिगोपनामा ध्यान दिनुपर्दछ । यसतर्फ गाउँपालिका आवश्यक गृहकार्य गरी योजनावद्ध रुपमा अगाडि बढ्नुपर्ने देखिन्छ ।	
२९	**उपभोक्ता समिति वाट भवन निर्माण** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राहि समुदाय जटिल प्राविधिक दक्षता आवस्यक पर्ने निमार्ण कार्य बाहेकका अन्य कार्य गराउन सक्ने व्यबस्था रहेकोमा गाउपालिका वाट यासोक क्याम्पस भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको पाईयो । आ.ब. २०७४।०७५मा जनश्रमदान सहित रु ३७६५१८२ को कार्य गरी गाउपालिका वाट रु ३०,०००,००। भुक्तानी गरेको छ । भवन निमार्ण कार्य जस्तो जटिल प्राविधिक कार्य उपभोक्त समिति मार्फत गराउदा निमार्ण भएको संरचनाहरुको गुणस्तरमा असर पर्ने देखिन्छ ।	
३०	**यासोक वजार पूर्वाधार निमार्ण कार्य** यासोक वजार पूर्वाधार निमार्ण कार्यका लागी उपभोक्ता समिति सँग २०७५।२।२३ मा माटो खन्ने, ढूङ्गाको सोलिङ्ग गर्ने, ग्याविन सम्बन्धि कार्य लगायतका कार्य गर्ने गरी जनसहभागिता समेत रु ६५०००००/- को सम्झौता भएकोमा ०७५।०३।३१ सम्ममा रु ५२७३२९५/- को कार्य भई अन्तिम वीलसम्मको भुक्तानी गर्दा लागत अनुमान तथा सम्झौता मा समावेश नभएको टिपर वाट माटो फाल्ने कार्य वापत भनि १६४४.९० घनमिटर परिमाणको रु ५७६२४१/- भुक्तानी गरेको पाईएकोले सम्झौतामा समावेश नभएको कार्य वापत भएको भुक्तानी अनियमित देखिएको रु	५७६२४१/-
३१	गाउँपालिकाको गुणस्तरीय अंग्रेजी प्रवर्द्धन कार्यकम अर्न्तगत विभिन्न ६ विद्यालयहरुलाई प्रस्तावनाका आधारमा रु. ३०,००,०००।- भूक्तानी भएकोमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।	

विद्यालयको नाम	प्रस्तावना रकम	पेश गरेको विल भरपाई	भूक्तानी रकम
श्री खाल्डे मा.वि.	५७४०००	५५८३००	५०००००.००
श्री महेन्द्रदोय मा.वि.	प्रस्तावना नरहेको	५००११०	५०००००.००
श्री सिंद्ध सरस्वती मा.वि	७४०३४०.००	५०८६५०	५०००००.००
श्री पृथ्वी मा. वि.	५८६०००.००	५१००१८	५०००००.००
श्री सार्वजनिक आ.वि.	५५११५०.००	५५१५५०	५०००००.००
श्री सिंह मा.वि	५८६०००.००	५८६०००	५०००००.००
		जम्मा	३०,००,०००/-

३२	गाउपालिकाको गुणस्तरीय अग्रेजी प्रवर्द्धन कार्यकमका लागी मिति २०७४।१२।०४ मा तयार भएको कार्यक्रम संचालन कार्यविधि विद्यालय छनौट आधार,कार्यक्रम संचनलन प्रक्रिया तथा उपलब्धि मापनको आधार समेत स्पस्ट खुलाएको पाईएन। जसका कारण प्रस्तावनामा आधारित कार्यक्रम भनिएता पनि पस्तावना वेगर समेत रकम निकासा,शिक्षक सँख्यामा एक रुपता नहुने,क्रियाकलाप हरु फरक फरक (जस्तै फर्निचर खरिद,डोर हाजिरी,ल्यापटप खरिद) भएको पाइयो ।तसर्थ गाँउपालिका वाट खर्च गर्दा स्पस्ट कार्यविधि तयार गरेर मात्र कार्यविधिका आधारमा खर्च गर्नु पर्नेमा सो नगरी विद्यालयलाई रकम निकासा गरेको पाइयो ।	
३३	**श्री सिंद्ध सरस्वती मा.वि** श्री सिंद्ध सरस्वती मा.वि ले पेश गरेको प्रस्तावना अनुसार बिद्यालयले रु २४०३४०/- (३२ प्रतिशत)तथा गाँउपालिका वाट रु ५०००००/-(६८ प्रतिशत) समेत रु ७४०३४०/- खर्च व्यहोर्नू पर्नेमा कुल खर्च रु ५०८६५०/- मध्ये गाँउपालिका तर्फ वाट ५०००००/- र विद्यालय तर्फ वाट रु ८६५०/- भूक्तानी भएको पाईयो । प्रस्तावनाको शर्त बमोजिम गाँउपालिका तर्फ खर्चको ६८ प्रतिशत ले रु ३४५८८२ मात्र भूक्तानी हुनु पर्नेमा बढि भूक्तानी भएको असुल गर्नु पर्ने देखिएको रु	१,५४,११८/-

Scanned with CamScanner

दफा नं.	लेखापरीक्षणवाट देखिएका व्यहोरा	रकम रु.
३३.१	सोही विद्यालयले गुणस्तरीय अग्रेजी प्रबर्द्धनका लागी दुई शिक्षक भिम कुमार फियाक र देविमाया लावतीलाई तलब वापत क्रमश रु ४५००० र ३८००० भुक्तानी गरेको भरपाई पेश भएकोमा नियूक्ती छनौट प्रक्रिया,आधार,नियूक्त भएको मिति खुल्ने प्रमाण लगायतका प्रमाण कागजात पेश नभएकाले शिक्षक नियूक्ती सम्बन्धि कागजात प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रु	८३०००/-
३४	श्री खाल्डे मा.वि.विद्यालयले प्रस्तावना समावेश नभएको ३ थान बुक स्टयाण्ड खरिद गरी रु ४२००० खर्च लेखेको वील भरपाई पेश गरेको पाईएकोले प्रस्तावना भन्दा फरक कार्यका लागी भएको खर्च अनियमित देखिएको रु ...	४२०००/-
३५	**डोजर बहाल:**सार्वजनिक खरिद नियमावली २०६५ को नियम ९७ (९)उपभोक्ता समिति वा लाभग्राहीवाट सञ्चालित हुने निमार्ण कार्यमा, सोहि नियमको स्पस्टीकरण खण्डको अवस्थामा बाहेक हेभी मेशिन उपकरणहरु प्रयोग गर्न नपाईने व्यवस्था रहेको छ।तर गाँउपालिका विभिन्न मोटर वाटो निर्माण तथा खेल मैदान निमार्ण आयोजनाहरुमा उपभोक्त समिति मार्फत कार्य गराउदा एक्साभेटरको प्रयोग गरी वहाल वापत रु. ४,९७,५०२९००।- भुक्तानी भएको छ । बिशेष अबस्थामा लागत अनुमान तयार गदा नै हेभि मेशिन प्रयोग गर्नु पर्ने प्राबिधिकको शिफारिसका आधारमा मात्र प्रयोग गर्न सक्ने व्यवस्था भएता पनि उपभोक्ता समिति मार्फत संचालन भएका अधिकांस योजनाहरुमा ऐन नियमावली को व्यबस्था विपरित हेभि उपकरण प्रयोग भएको पाईयो । तसर्थ ऐन नियमावलीको व्यबस्थाको बमोजिम उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउनु पर्दछ ।	
३६	**वितरणमुखी कार्यक्रम:**स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा गाँउपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था रहेका छ । गाँउपालिकाले उक्त सुची तथा ऐन बमोजिम क्रियाकलाप तथा कार्यक्रमहरु संचालन गर्नुपर्दछ। स्थानीय सरकार संचालन ऐनको मर्म अनुरुप गरिबी, पछौटेपन, बेरोजगारी, गरिबी लगायतका सामाजिक पछौटेपनहरुको निरुपणको लागी विभिन्न अभिमुखिकरण तालिम, सिप विकास लगायतका कार्यक्रमहरु संचालन गर्नुपर्ने हुन्छ । गाँउपालिकाले विभिन्न सिप विकास तथा अभिमुखीकरण तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने रकमहरु सो कार्यमा खर्च नगरी वितरणमुखी क्रियाकलापहरुमा खर्च गरेको छ । आन्तरिक आय कमजोर रहेको अवस्थामा आर्थिक असमानता हटाई वित्तीय समानिकरण ल्याउनको लागी उपलब्ध रकम गाउँपालिकाले गाउँसभा तथा कार्यपालिकाको निर्णयअनुसार विभिन्न प्रयोजनको लागी वितरण गरेको छ। त्यसैले यस प्रकारका खर्चको आवश्यकता र औचित्य बारे पुन:मूल्यांकन गरी खर्च नियन्त्रणमा ध्यान दिनुपर्दछ। यस्ता संस्था तथा कार्यमा गरेको खर्चका केही उदाहरण देहाय बमोजिम छन्:	

गो.भौ.नं./मिति	सहयोग प्रापक व्यक्ति/संस्था	विवरण	सहयोग रकम
८२/२०७४।१०।१९	देउराली चाम्लिङ कुम्मायक-१ पाँचथर	सगरमाथा आरोहीको आरोहण सामाग्री खरिदको	१५००००.००
१८२/२०७५।१।१९	कल्पना रसाइली कुम्मायक-५ पाँचथर	मेनेन्जाइटिस्को विरामी	२००००.००
२०९/२०७५।२।१	पाँचथर युवा कल्व, फिदिम पाँचथर	दोस्रो पाँचथर गोल्डकप फुटवल प्रतियोगिता	१००००.००
२०९/२०७५।२।१	पाँचथर युवा कल्व, फिदिम पाँचथर	हिलिहाङ महोत्सव	५००००.००
२७९/२०७५।३।१९	रानी गुफा सेवा समाज	त्रिशुल पूजा तथा एवं मेला (गा.पा.ले)	१०००००.००
३०१/२०७५।३।२५	रानीगुफा सेवा समाज	त्रिशुल पूजा तथा एवं मेला (वडा नं.१ ले)	६००००.००
	युवा तथा खेदकुद विकास उ.स.	५ वटै वडाहरुलाई खेलकुद कार्यक्रम गर्न रु १०००००।- दरले	५०००००.००
		जम्मा	८,९०,०००.००

दफा नं.	लेखापरीक्षणवाट देखिएका व्यहोरा	रकम रु.
३७	**लेखापरीक्षण नभएको:** यासोक सिवादोभान सडक मर्मत तथा स्तरोन्नतीका लागि रु.२० लाख वजेट विनियोजन भई खर्च भएको उक्त कार्यको सक्कल कागजात लेखापरीक्षणको लागि पेश भएको छैन । सक्कल कागजात पेश गरी लेखापरीक्षण गराउनु पर्ने रु...	२०,००,०००/-
३८	**वित्तीय जवाफदेहिता** : कार्यालयले विभिन्न ऐन, कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी	

Scanned with CamScanner

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणवाट देखिएका व्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td></td><td>वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ। व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाहको अवस्था र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्याङ्कनबाट कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "C" ग्रेडिङ्ग प्राप्त गरेको छ। वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td>३९</td><td>बेरुजू - गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष रु. २ करोड ३१ लाख ८९ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियावाट रु. १३ लाख ५८ हजार फछ्यौंट भई असुल गर्नुपर्ने रु. १ लाख ५४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३७ लाख ८० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७८ लाख ९७ हजार समेत रु. २ करोड १८ लाख ३१ हजार बेरुजू कायम भएको छ।</td><td></td></tr>
<tr><td>४०</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्यौंट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.) (A)</th><th>यो वर्ष फछ्यौंट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>६६०६८२३.५६</td><td>१२१९५८६.००</td><td>५३८७२३७.५६</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td>अद्यावधिक बेरुजु स्थिति : यस गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्यौंट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>५३८७२३७.५६</td><td>००</td><td>२१८३१३०५.००</td><td>२७२१८५४२.५६</td></tr>
<tr><td colspan="4">बाँकी बेरुजू फछ्यौंट गर्नेतर्फ गाँउपालिकाले पहल गर्नुपर्दछ।</td></tr>
</table></td><td></td></tr>
</table>

Scanned with CamScanner

कुम्मायक गाउँपालिका पाँचथर

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

आर्थिक वर्ष २०७४।७५

प्रदेश नम्बर : १

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू							पेश्की		
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने								
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा	
१.	पाँचथर	कुम्मायक गाउँ पालिका	५३	२१	२३१८९	०	१२	१३५८	५३	९	२१८३१	१५४	१३७८०	७८९७	०	०	२१६७७	०	०	०	

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण

आर्थिक वर्ष २०७४।७५

प्रदेश नम्बर : १

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत वर्षको जिम्मेवारी	आय			जम्मा आय	व्यय				मौज्दात
				समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (५-९)
१.	कुम्मायक गाउँपालिका	पाँचथर	४९६५	१३७३१३	१११२७१	४३००	२५२८८४	५२०६१	१७८३५७	३५६०	२३३९७८	२३८७१

Scanned with CamScanner